२२४४/४४५

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

**मु.नं. २०९/०७३/७४**

**निर्णय नं. ४४५**

जिल्ला महोत्तरी, बनौली दनौली गा.वि.स.-५ घर भई
हाल का. म. न. पा.-३५ निबासी शारदा भुषाल (भा) ........................................१ } पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, गाउँ बिकास समितिको कार्यालय, आश्राङ, ललितपुर ........................१ } विपक्षी
सूचना अधिकारी, गाउँ बिकास समितिको कार्यालय, आश्राङ, ललितपुर ........................१

**विषय :- सूचना उपलब्ध गराएकोले लगत कट्टा गर्नू ।**

जिल्ला महोत्तरी, बनौली दनौली गा.वि.स.-५ घर भई हाल का. म. न. पा.-३५ निवासी शारदा भुषाल (भा)ले गाउँ बिकास समितिको कार्यालय, आश्राङ, ललितपुर समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०७।१२ मा पुनरावेदन गरेको । प्रस्तुत पुनराबेदनको सम्बन्धमा राष्ट्रिय सूचना आयोगबाट मिति २०७३।०८।०५ मा गाउँ बिकास समितिको कार्यालय, आश्राङ, ललितपुरको नाममा पुनराबेदकलाई माग बमोजिमको सूचना ७ (सात) दिन भित्र उपलब्ध गराउनू भनी आदेश भएको । तत् पश्चात गाउँ बिकास समितिको कार्यालय, आश्राङ, ललितपुरको च. नं. २४१ मिति २०७३।१०।०६ को पत्रसाथ प्राप्त हुन आएको सूचनाको प्रतिलिपि पुनराबेदकले हस्ताक्षर गरी लगेकाले सो सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत पुनराबेदनको लगत कट्टा गर्नू । यसको जानकारी पुनराबेदकलाई पनि दिनू ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७३ साल माघ २८ गते रोज ६ शुभम् ।